Series JBB

SET-4

कोड नं.
Code No. **17**

रोल नं.
Roll No.

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

| | नोट | | NOTE |
|---|---|---|---|
| (I) | कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **7** पृष्ठहरू छन् । | (I) | Please check that this question paper contains **7** printed pages. |
| (II) | त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ । | (II) | Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate. |
| (III) | कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **9** वटा प्रश्नहरू छन् कि छैनन् । | (III) | Please check that this question paper contains **9** questions. |
| (IV) | कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् । | (IV) | Please write down the Serial Number of the question in the answer-book before attempting it. |
| (V) | यो प्रश्नपत्र पढ्नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन । | (V) | 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period. |

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* — *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* — *Maximum Marks : 80*

*THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :*

| | | |
|---|---|---|
| SECTION A : | Reading Comprehension (पढ़ाइ कौशल बोध) | 15 Marks |
| SECTION B : | Grammar (व्याकरण) | 15 Marks |
| SECTION C : | Writing & Composition (लेखाइ एवं रचना कौशल) | 25 Marks |
| SECTION D : | Literature (साहित्य) | 25 Marks |

## SECTION A : Reading Comprehension (पढ़ाइ कौशल)

**1.** (अ) तलको गद्यांश राम्ररी पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् :

नौमती बाजाको पुर्ख्यौली नाम पञ्चैबाजा हो । यसमा शहनाई, ढोलकी, झ्याम्टा, दमाहा, ट्याम्को पर्छ । वैदिककाल अघिदेखि नै पञ्चैबाजा बज्दै आएका छन् । शहनाई पञ्चैबाजा मध्येको मुख्य स्वरबाजा हो । यसलाई मुखले फुकेर विभिन्न धुनमा बजाइन्छ । ढोलक दोस्रो मुख्य बाजा हो । यो दुइमुखे तालबाजा हो । जसलाई एकापट्टिबाट गजाले औ अर्कापट्टिबाट हातैले थाप मारेर बजाइन्छ । झ्याम्टा तेस्रो बाजा हो । जसलाई ढोलकको सहायक तालबाजा पनि भनिन्छ । यो काँस धातुको बनेको हुन्छ । दमाहा चौथो पञ्चैबाजा हो जुन नगराको आकारको हुन्छ । यसलाई गजाले या छोटो लौरोले बजाइन्छ । पञ्चैबाजा मध्येको सानो वा कान्छो तालबाजा चाहिँ ट्याम्को हो । यसलाई गलामा झुण्ड्याएर दुइ गजाले बजाउँदै ताल दिने गरिन्छ ।

स्वर, ताल राग र धुनको आवश्यकतालाई पूरा गर्न पञ्चैबाजा समूहको विकसित रूप नौमती बाजा देखापऱ्यो । पञ्चैबाजा समूहमा अझै एउटा शहनाई, एउटा नरसिंहा, एउटा कर्णाल र एउटा बाउँताल थपेर नौमती बाजा बनाइयो ।

नेपाली संस्कार–संस्कृतिको अभिन्न अंगको रूपमा परिचित नौमती बाजा संसारको जुन–जुन कुनामा नेपाली बसेका छन् त्यहाँ–त्यहाँ प्रसिद्ध भएको छ । यसका परम्परागत धुनहरू मध्ये मंगलधुन, रामकली, चाँचरी, मालश्री, दिवस राग, बेहुली अन्माउने राग आदि हुन् । लोक धुनहरू मध्ये झ्याउरे, चुड्के, सेलो आदि प्रमुख हुन ।

शवयात्रामा पनि मृतकको मोक्ष प्राप्तिका निम्ति एकोरो प्रकारले ढोलक, दमाहा आदि बजाइने गरिन्थ्यो भन्ने मान्यता छ । यसैले जन्मदेखि मोक्ष प्राप्तिसम्म नौमती बाजाको अस्तित्व कायम रहँदै आएको छ ।

आधुनिक युगमा पनि न्वारन, व्रतबन्ध, विवाह, पूजा–आजा, बेठी (धान रोप्दा मनाइने) उत्सव, दशैमा मालश्री गाउँदा, ठूला–बढ़ाको स्वागत गर्दा, विभिन्न चाड़पर्व लगायत शुभ कार्यहरूमा यी नौमती बाजा बजाइने गरिएको छ ।

(क) नौमती बाजाको समूहमा कुन पर्दैन ? *1*

(i) सहनाई

(ii) नरसिंहा

(iii) सारंगी

(iv) ट्याम्को ।

(ख) पञ्चैबाजा मध्येको मुख्य बाजा कुन हो ? *1*

(i) सहनाई

(ii) ढोलक

(iii) झ्याम्टा

(iv) ट्याम्को ।

(ग) तल दिइएका कुन–कुन धुनहरू परम्परागत र लोक धुनहरू हुन छुट्याएर लेख्नुहोस् । *2*

मंगलधुन, झ्याउरे, चुड्के, मालश्री

(घ) नगराका आकारको पञ्चैबाजालाई के भनिन्छ ? यसलाई केले बजाइन्छ । *2*

(ङ) आधुनिक युगका कुन–कुन पर्वमा नौमती बाजा बजाइने गरिएको छ ? *2*

(च) नौमती बाजा र पञ्चैबाजामा के फरक छ ? *2*

(आ) तलको कविता राम्ररी पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् :

वर्षा

वर्षा आयो, वर्षा आयो,
हेर नयाँ हरियाली छायो,
लहरी झैं रूख लहरा नाचे,
बड़ो मजाको वर्षा आयो ।

बाली उज्ज्वल मुखको लम्फा
बेली, चमेली अनि कति चम्पा
निस्के तारा झैं भई झलमल,
वर्षा–बिहार हो सुख स्वर्गिक ।

सप्रिएको नाच्ने बाली
हेर कृषक दङ्ग परे भारी
भन्छन् जय–जय जगदीश्वरको,
जय होस्, जय होस्, जयको घरको ।

(क) के भए हरियाली छाउँछ ? *1*

(ख) वर्षा आए के नाच्छन् ? *1*

(ग) यस कवितामा वर्णन गरिएका कुनै दुइ फूलका नाम लेख । *1*

(घ) के भएको देखेर कृषकहरू दङ्ग पर्छन ? *2*

## SECTION B : Grammar (व्याकरण)

**2.** तल दिइएका सबै प्रश्नका उत्तर लेख्नुहोस् :

(क) विपरीत अर्थ लेख्नुहोस् : (कुनै ***दुइ***) *1*

अनुराग, आकाश, अनैतिक ।

(ख) सार शब्द लेख्नुहोस् : *1*

जो कहिले पनि मर्दैन

गाई–गोरू बाँध्ने ठाउँ

(ग) तल दिइएका उखान र तुक्का पूरा गरेर लेख्नुहोस् : *1*

(i) नाच्न नजान्ने आँगन _________ ।

(ii) खाने _________ जुँघाले छेक्दैन ।

(घ) (i) 'राजपुत्र' शब्द कुन समास हो ? *1*

(ii) समास विग्रह गर्नुहोस् (कुनै ***एक***) : *1*

सानीमा, दोबाटो

(ङ) निर्देशन अनुसार वाक्य परिवर्तन गरेर लेख्नुहोस् :

(i) भाइ "म कृषक हुन्छु" भन्छ । (उक्ति परिवर्तन गर्नुहोस्) *1*

(ii) म घर जान्छु । (अर्थ परिवर्तन नगरी अकरण बनाउनुहोस्) *1*

(iii) त्यो गरीब मानिस ईमान्दार छ । (संयुक्त वाक्यमा परिणत गर्नुहोस्) *1*

(च) निम्न वाक्यका क्रिया शब्द सुधारेर लेख्नुहोस् : *1*

मैले गीत गायो । साथीहरू घुम्न गोयो ।

(छ) को, का, की कुन कारकका चिन्ह हुन ? 'की' चिन्ह प्रयोग गरेर एउटा सरल वाक्य बनाउनुहोस् । *2*

(ज) तल दिइएका शब्दहरूका दुइ – दुइवटा पर्यायवाची शब्द लेख्नुहोस् : (कुनै ***दुइ***) *2*

अमृत, गाई, भगवान ।

(झ) अनेकार्थक शब्द र भिन्नार्थक शब्दमा के फरक छ ? उदाहरण सहित लेख्नुहोस् । *2*

## SECTION C : Writing & Composition (लेखाइ एवं रचना कौशल)

**3.** कुनै ***एक*** विषयमाथि लगभग 250 शब्दसम्मको निबन्ध लेख्नुहोस् : *12*

(क) खेलकुदको महत्त्व

(ख) परोपकारी सदा सुखी

(ग) विद्यार्थी जीवनमा अनुशासन

**4.** कक्षा प्रमुख भएर शैक्षिक भ्रमणका निम्ति चिड़ियाखाना घुम्न जान स्वीकृति माग्दै विद्यालयकी प्रधान अध्यपिकालाई निवेदन पत्र लेख्नुहोस् । *8*

**5.** नेपालीमा अनुवाद गर्नुहोस् । *5*

(i) My mother went to our home.

(ii) Tashi and Prem are going to school.

(iii) I will go tomorrow.

(iv) My elder brother is playing football.

(v) Unity in Diversity.

## SECTION D : Literature (साहित्य)

**6.** पाठको आधारमा सही उत्तर चुनेर लेख्नुहोस् :

(क) "दानव, दुष्ट, दुर्जन सोझाहरूकै भोलापनको ग्यासबाट उत्पन्न भएको _______ हो ।" *1*

(i) विस्फोट

(ii) पानी

(iii) आगो

(iv) धुवाँ ।

(ख) डाक्टर नानोले स्थापित गरेको विशाल वैज्ञानिक प्रयोगशालाको नाम _______ हो । 1

(i) मानव प्रजनन् कोशिका विकास केन्द्र

(ii) सूक्ष्म रोबर्ट विकाश केन्द्र

(iii) एम्ब्रोयो विकास केन्द्र

(iv) भ्रूण विकास केन्द्र ।

(ग) एकली साहिँलीले सपनामा किन आफ्नो बाबुलाई महापापी भनी ? 1

(घ) 'मन' एकाङ्कीको अन्तमा भानुराज र सुलोचनाको मनले कस्तो मृत्यु चाहेको छ ? 1

(ङ) "मेरो घरमा एकछिन नबस् जहाँ जान्छेस् जा" भनेर चामेले गौंथलीलाई चुल्ठो समातेर घिसार्दै आँगनमा निकाल्नु ठीक थियो ? आफ्नो विचार लेख्नुहोस् । 2

(च) डा. नानोले फेरसलाई किन खुशी पार्न सकेनन् ? 2

**7.** कविताबाट सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् :

(क) 'यात्री' कवितामा कविले कसको सेवा गरेर ईश्वरलाई हँसाउन सकिन्छ भनेका छन् ? 1

(ख) के दोषी भए माता–पिता, गुरुजनको अर्ति उपदेश पनि दोषी नै देखिन्छ भनिएको छ ? 1

(ग) 'छोरालाई' कवितामा कविले मानिसलाई कस्तो बन्ने आह्वान गरेका छन् ? (सही उत्तर चुनेर लेख्नुहोस्) 1

(i) जगको तिख्र काँडा जस्तो बन्ने ।

(ii) फूल जस्तो ।

(iii) अमृतको कण जस्तो बन्ने ।

(iv) लाटो–दुब्लो अस्तित्व बन्ने ।

(घ) "कानूनको जिम्मा रूपियाँलाई ।" 1

उक्त पद्यांशद्वारा कवि राजेन्द्र भण्डारीजे के भन्ने चाहेका हुन् ?

(ङ) 'यात्री' कवितामा कविले मन्दिरको खम्बा, दीवार, छानो र ढोकालाई मानिसको कुन–कुन अङ्गसँग तुलना गरेका छन् ? 2

(च) ‘पृथ्वीका रत्न’ भनेर कसलाई संकेत गरिएको हो ? किन ? *2*

**अथवा**

“हामीले खाने प्रत्येक खानामा रगत छ शहीदको” भनेर कविज्यूले के खुलस्त पार्न खेजेका हुन् ? *2*

**8.** निम्न प्रश्नका एकै वाक्यमा छोटा उत्तर लेख्नुहोस् :

(क) सोणामणिको स्वभाव कस्तो थियो ? *1*

(ख) ऐते पाइलटले हर्केकी स्वास्नीलाई हारगुहारको रूपमा नफर्काउने गरी के सहयोग गरेको थियो ? *1*

(ग) रने परिबन्दमा फँस्नुको कुनै एउटा कारण लेख्नुहोस् । *1*

(घ) हवल्दारको नाम के थियो ? *1*

(ङ) काकाले मोतीलाई के गरेर आमाप्रति गरेको भूलको प्रायश्चित्त गर्ने सल्लाह दिए ? *1*

**9.** निम्न प्रश्नका छोटा उत्तर लेख्नुहोस् :

(क) डा. घनश्याम नेपालको जन्म पूर्व सिक्किमको कुन गाउँमा भएको थियो ? *1*

(ख) तुलसीबहादुर छेत्रीका कुनै दुइ कृतिहरूको नाम लेख्नुहोस् । *1*

(ग) निम्न दिइएको मध्ये कुन पत्रिकामा मनबहादुर मुखियाको पहिलो एकाङ्की ‘वियोग’ प्रकाशित भएको थियो ? *1*

(i) धूवाँ

(ii) दियालो

(iii) स्रष्टा

(iv) खोजी ।

(घ) खहरे कथा संग्रह लेखेर शिवकुमार राईले कुन पुरस्कार पाएका थिए ? *1*